# माडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन

बागमती प्रदेश, नेपाल

# स्थानीय राजपत्र

माडी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (५) संख्या : ३ मिति : २०७८/१९/२०

## भाग – १

# माडी नगर शिक्षा (पहिलो संशोधन) ऐन, २०७८

# माडी नगर शिक्षा (पहिलो संशोधन) ऐन, २०७८

माडी नगर शिक्षा ऐन, २०७७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, माडी नगर सभाले देहायको संशोधन गरेको छ।

१) संक्षिप्त नाम र प्रारम्भः

(१) यो ऐनको नाम माडी नगर शिक्षा (पहिलो संशोधन) ऐन, २०७८ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२) माडी नगर शिक्षा ऐन, २०७७ को दफा २१ मा थपः मुल ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :

(ट१) शिक्षकको सरुवा तथा कार्यसम्पादन मूल्यांकन गर्ने।

३) माडी नगर शिक्षा ऐन, २०७७ को दफा १६क थपः मूल ऐनको दफा १६ पछि देहायको दफा (१६क) थपिएको छः

(१६क) सहजकर्ता र विद्यालय कर्मचारीलाई सामाजिक सुरक्षा रकम उपलब्ध गराउनेः

(१) प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई सेवानिबृत्त हुँदा सम्मान स्वरुप सामाजिक सुरक्षा बापत निम्नानुसार रकम उपलब्ध गराइनेछ :

(क) सेवा अवधि २ बर्ष वा सोभन्दा बढि १० बर्षभन्दा कम भएमा प्रत्येक बर्षका लागि आधा महिनाको पारिश्रमिक बराबरको रकम।

(ख) सेवा अवधि १० बर्ष वा सोभन्दा बढि भएमा प्रत्येक बर्षका लागि एक महिनाको पारिश्रमिक बराबरको रकम।

(२) नगरपालिकाले शिक्षक, कर्मचारी, प्रारम्भिक बालविकास सहजकर्ताको हकमा निवृत्तिभरण कोष ऐन, २०७५ बमोजिम योगदानमूलक निवृत्तिभरण प्रणाली लागू गर्न सक्नेछ।

आज्ञाले
पुष्पराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत
माडी नगरपालिका